# ११ पावललाई यरुशलेममा पक्राउ गरिन्छ

*__यस अध्यायका मूल पदहरू:__* प्रेरित २१, रोमी २:२८,२९, गलाती ५:६, प्रेरित २२, प्रेरित २३:१-३० र मत्ती २२:२३-३२।

*__यस अध्यायको मूल सार पद:__* **"अघिल्लो रात पावलको सामु परमेश्वर उभिनुभयो र भन्नुभयो, "साहसिलो होऊ! जसरी तिमीले यरुशलेममा मेरो बारेमा गवाही दियौ, त्यसरी नै रोममा पनि तिमीले मेरो बारेमा गवाही दिनेछौ।" प्रेरित २३:११ रूपान्तरित।**

पावलको प्रथम सुसमाचारीय यात्रामा यो स्पष्ट रूपमा देखाइयो कि इसाई चर्चमा मौलिक विवादको सृजना भएको थियो। सारा संसारमा सुसमाचार सुनाऊ भन्ने येशूको चाहना हुँदा हुँदै पनि यहूदी जातबाट आएका इसाईहरूले संसारका अरू जातिका मानिसहरू वा अयहूदीहरूलाई मुक्तिको सुसमाचार सुनाएर चर्चमा प्रवेश गराउँदा असहमि देखाएर बिवाद भएको थियो (प्रेरित १५:१-५)। चर्चमा द्वन्द र विवादको सृजना भएको आभास् पाएर त्यसलाई सुल्झाएर चर्चमा एकता ल्याउन पावलले योजना बनाएका थिए। यरुशलेम परिषदमा मूल विवाद सुल्झिएको थियो। त्यस परिषदले गरिबहरूलाई सम्झनुपर्छ भनेर पनि निष्कर्श निकालेको थियो। त्यसैलाई सम्झेर पावलले इस्राएलमा रहेका चर्चका विश्वासीहरूको सहायताको निम्ति अयहूदी चर्चका विश्वासीहरूलाई आर्थिक सहयोगको अनुरोध गरेका थिए (गलाती २:१०)। सन्तहरूको निम्ति जम्मा गरिएको भेटीहरू (१ कोरन्थी १६:१) यरुशलेममा ल्याएर यहूदी इसाई र अयहूदी इसाईहरूको बीचमा भएको भेद समाप्त गर्न पावलले चाहेका थिए।

त्यही परिवेशमा पावलले यरुशलेममा आफ्नो तेस्रो सुसमाचारीय यात्रा पछि आफूलाई जोखिममा पारेर भएपनि जाने कठोर निर्णय गरेका थिए। एकातर्फ हेर्ने हो भने आफ्ना सहयहूदीहरूको निम्ति पावलको प्रेम सक्कली र भित्री हृदयदेखि नै थियो (रोमी ९:१-५) र अर्को पक्ष हेर्ने हो भने चर्चहरूमा एकता होस् भन्ने उनको प्रवल चाहना थियो (गलाती ३:२८,५:६)। यहूदी होस् वा अयहूदी होस् दुवै जातका मानिसहरूले व्यवस्थाको धर्मकर्म पालन गरेर होइन तर विश्वास तथा येशूमा आस्था भरोसा राखेरमात्र मुक्ति पाउने

भएकोले (रोमी ३:२८-३०) कुनै पनि धर्मकर्म वा परम्पराको नाउँमा धार्मिक संस्कार अपनाएर मानिसहरूलाई अलग गर्ने नीति सुसमाचारको स्वभाव वा मर्मको बिरुद्धमा थियो (एफिसी २:११-२२)।

***अब पावलको जीवनको नयाँ पक्ष र लक्ष्य हामी यस अध्यायमा नियालौं।***

## १. यरुशलेमका अगुवाहरूसँगको भेटघाट

जब पावल यरुशलेममा आए तब उनी मनासनको घरमा बसे। त्यहाँ मनासनसँग मिलेका विश्वासीहरूले उनलाई न्यानो हृदयका साथ सत्कार गरे (प्रेरित २१:१६,१७)।

स्थानीय यहूदी इसाईहरूको बीचमा पावलको प्रतिष्ठा वा इज्जतको बारेमा याकूब र यरुशलेमका अगुवाहरूले चासो व्यक्त गरेका थिए (प्रेरित २१:१८-२२)। कतिपय स्थानीय यहूदी इसाईहरूले मोशाका विधिहरूलाई पालन गरेर निरन्तरता दिनुपर्छ भनेर जिकिर गरेका थिए। यहूदीहरू इसाई भएपछि मोशाको व्यवस्थालाई पालन गर्नुपर्दैन भनेर पावलले बिदेशमा प्रचार गरिरहेका थिए भनेर यरुशलेमका यहूदी इसाईहरूले उनको बारेमा गलत सूचना पाएका थिए। "खतना नगर्नु र मोशाका विधिहरू पालन नगर्नु" (प्रेरित २१:२१) भनेर पावलले सिकाइरहेका छन् भन्ने उनको खिलाफमा इस्राएलमा प्रचारवाजी भइरहेको थियो।

खास गरेर पावलको बिरुद्धमा गलत प्रचार थियो। मुक्तिको मामिलामा चाहे खतना होस् वा बेखतना होस् त्यसको अर्थ छैन, येशूमा विश्वास गर्दा दुवै यहूदी र अन्य जाति वा अयहूदीहरू सबैले बराबरीरूपमा मुक्ति पाउँछन् भनेर पावलले सिकाइरहेका थिए (रोमी २:२८,२९, गलाती ५:६, कलस्सी ३:११)। मुक्ति पाउन व्यवस्था पालन गरेर होइन, रीतिथिति वा परम्पराको नाउँमा धर्मकर्मले अऱ्हाएका विधिहरू पालन गरेर होइन तर येशूमा विश्वास गरेरमात्र पाइन्छ भन्ने स्पष्ट शिक्षा पावलले सिकाइरहेका थिए। त्यो नै यहूदी इसाई र पावलको बीचमा विवादको विषय थियो। आज्ञा पालन गर्नु वा परमेश्वरको आदर्श नीतिमा हिंड्नु भन्नुको अर्थ आफै विधिविधान पालन गरेर मुक्ति पाउनु भन्न खोजिएको होइन भनेर मानिलिनुपर्छ। तर मानिसहरूले त्यसलाई जानाजानी बँग्याएर अनर्थमा लगाएका थिए।

**बिषेश गरेर प्रेरित २१:२३-२६मा पावलले आफू इसाई भएतापनि यहूदी आस्थामा चलिरहेको छु भनेर कसरी देखाए? हेर्नुहोस् "१ उनीहरूसँग**

बिदा भई हामी जहाजमा चढ़ेर सीधै कोसमा आयौं, र भोलिपल्ट रोडसमा र
त्यहाँबाट पटारामा आइपुग्यौं। २ अनि फोनिकेमा जाने एउटा जहाज भेट्टाएर
हामी त्यसैमा चढ़ेर गयौं। ३ जब साइप्रस देखा पर्‍यो, तब हामी त्यसलाई
देब्रेतिर पारी सिरियातर्फ लागेर टुरोसमा उत्र्यौं। किनभने जहाजका मालसामान
त्यहाँ उतार्नुपरेको थियो। ४ चेलाहरूलाई खोजी फेला पारेर तिनीहरूसँग हामी
सात दिन त्यहाँ बस्यौं। पावललाई यरूशलेममा नजानू भनी तिनीहरूले पवित्र
आत्माद्वारा भने। ५ त्यहाँबाट हाम्रो हिंड्ने बेला भएपछि हामी बिदा भएर
आफ्नो यात्रामा निक्लियौं। आफ्ना जहान र बालबच्चाहरूसमेत तिनीहरू जम्मै
हामीलाई सहर बाहिरसम्म पुर्‍याउन आए, र हामीले समुद्र किनारमा घुँड़ा टेकी
प्रार्थना गर्‍यौं, र एक-अर्कासँग बिदा भयौं। ६ तब हामी जहाजमा चढ्यौं, र
तिनीहरूचाहिँ आफ्ना घर फर्के। ७ टुरोसबाट समुद्र-यात्रा गरी हामी
टोलेमाइसमा आइपुग्यौं। त्यहाँ भाइहरूलाई अभिवादन गरी तिनीहरूसँग एक
दिन बस्यौं। ८ भोलिपल्ट हामी बिदा भएर कैसरियामा आयौं, र प्रचारक
फिलिपको घरमा पस्यौं। तिनी ती सात जनामध्ये एक थिए, र हामी तिनीसँग
बस्यौं। ९ अगमवाणी बोल्ने तिनका चार जना अविवाहित छोरीहरू थिए। १०
हामी त्यहाँ केही दिन बस्दा यहूदियाबाट अगाबस नाउँका एक जना अगमवक्ता
आए। ११ उनले हामीकहाँ आएर पावलको पटुका लिई आफ्नो हात-खुट्टा बाँधे,
र भने, "पवित्र आत्मा यसो भन्नुहुन्छ, 'यो पटुका जुन मानिसको हो, त्यसलाई
यरूशलेममा यहूदीहरूले यसैगरी बाँध्नेछन् र अन्यजातिहरूका हातमा
सुम्पिदिनेछन्'।" १२ यो कुरा सुनेर, हामी र त्यस ठाउँका मानिसहरू मिलेर
तिनलाई यरूशलेममा नजानुहोस् भनी बिन्ती गर्‍यौं। १३ तर पावलले जवाफ
दिए, "तिमीहरू यसरी रोएर मेरो मनलाई किन छियाछिया पार्छौ? किनकि प्रभु
येशूको नाउँको निम्ति कैदमा पर्नु मात्र होइन, तर यरूशलेममा मर्न पनि म तयार
छु।" १४ तिनलाई मनाउन नसक्दा "प्रभुको इच्छा पूरा होस्" भनेर हामी चूप
लाग्यौं। १५ ती दिनपछि हामी तयार भयौं, र यरूशलेमतर्फ लाग्यौं। १६ हाम्रा
साथमा कैसरियाका कुनै-कुनै चेलाहरू पनि गए, र तिनीहरूले हामीलाई
साइप्रसका एक जना पुराना चेला मनासोन भन्नेको घरमा ल्याए। तिनीकहाँ
हामीलाई बस्नुपरेको थियो। १७ अनि जब हामी यरूशलेममा आइपुग्यौं, तब
भाइहरूले हामीलाई खुशीसाथ स्वागत गरे। १८ भोलिपल्ट पावल हामीसँग
याकूबकहाँ गए। त्यहाँ सबै एल्डरहरू उपस्थित थिए। १९ तिनीहरूलाई
अभिवादन गरेपछि, पावलले तिनको सेवकाइद्वारा अन्यजातिहरूका बीचमा

परमेश्वरले गर्नुभएका काम तिनीहरूलाई एक-एक गरी बयान गरे। २० यो सुनेपछि तिनीहरूले परमेश्वरको महिमा गरे। तब तिनलाई भने, "हेर्नुहोस् भाइ, यहूदीहरूका बीचमा विश्वास गर्नेहरू हजारौं छन्, र व्यवस्थाका कुरामा उनीहरू सबै जोशिला छन्। २१ उनीहरूले तपाईंको बारेमा पनि केही कुरा सुनेका छन्, सो के हो भने, अन्यजातिहरूका बीचमा बस्ने यहूदीहरूलाई तपाईंले 'मोशालाई त्याग गर्नू र तिनीहरूका बालकहरूलाई खतना नगर्नू र रीतिथिति पालन नगर्नू' भनेर सिकाउनुभएको छ, अरे। २२ अब के गर्ने हो? तपाईं आउनुभएको छ भनी उनीहरूले निश्चय सुन्नेछन्। २३ यसकारण जे हामी भन्दछौं, सो गर्नुहोस्– भाकल गर्नेहरू चार जना हामीसँग छन्। २४ यिनीहरूलाई लिएर तपाईं पनि यिनीहरूका साथसाथै शुद्ध हुनुहोस्, र यिनीहरूलाई चाहिने खर्च तपाईंले भरिदिनुहोस्, र यिनीहरूले कपाल खौरून्। यसरी तपाईंले व्यवस्था पालन गर्नुभएको देखेर तपाईंको विषयमा सुनेको कुनै कुरो सत्य रहेनछ भनी सबैले थाहा पाउनेछन्। २५ तर अन्यजातिहरू जसले विश्वास गरेका छन्, तिनीहरू मूर्तिलाई बलि चढ़ाएका थोक, रगत, गला अँठ्याएर मारेका पशुको मासु र व्यभिचारबाट अलग्ग रहनुपर्छ भन्ने हाम्रो निर्णय जनाएर हामीले पत्र लेखेका छौं।" २६ तब पावलले ती मानिसहरूलाई लगे, र भोलिपल्ट तिनीहरूका साथसाथै आफूलाई पनि शुद्ध गराए, र शुद्धीकरणका दिनहरू कहिले पूरा हुने हो, तथा हरेकको निम्ति दिइने भेटीको सूचना दिन तिनी मन्दिरभित्र पसे।" प्रेरित २१:१-२६

राजनैनिक हिसाबले हेर्ने हो भने जुन सल्लाह पावललाई दिइएको थियो त्यो ठिकै थियो। यहूदी धर्मकै संस्कारलाई पालन गरेर उनको बिरुद्धमा गरिएको प्रचार गलत थियो भनेर पावलले देखाउनुपरेको थियो। केही यहूदी इसाईहरूलाई नासरी भाकल पावलको आफ्नै खर्चमा गर्न लगाउन उनलाई अनुरोध गरिएको थियो। यहूदीहरूले आफूलाई परमेश्वरमा समर्पित गरेको छु भनेर देखाउने यो बिशेष धार्मिक बिधि थियो।

बिधिविधान वा धर्मकर्म गरेर मुक्ति पाइँदैन वा परमेश्वरलाई खुशी बनाउन सकिंदैन भनेर प्रचार गरेतापनि दुर्भाग्यवस पावलले त्यस अनुरोधलाई स्वीकारे। परमेश्वरमा विश्वास गर्ने धेरै हस्तीहरू वा बलियो खम्बाहरू बाइबलमा नै किन नहोस तिनीहरूमा कोही कोही कमजोर भएको पाइन्छ। अब्राहम, मोशा, पत्रुस केही उदाहरणहरूमात्र हुन्। यहूदीहरूसँग घुलमिल गर्न आफू पनि यहूदीहरूको नीतिमा चलेका थिए (१ कोरन्थी ९:१९-२३) भन्ने

तर्क गर्न सकिन्छ वा उनी आफैले पनि त्यस कार्यको निम्ति धेरै पहिले नै शपथ खाएका थिए पनि भन्न सकिन्छ (प्रेरित १८:१८)। तर यो भाकल वा सङ्कल्प कस्तो किसिमको थियो भनेर स्पष्ट गरिएको छैन। तर जे भएतापनि त्यस समय यहूदी इसाईहरूको अनुरोधमा मोशाका विधि पालन गर्नुपर्ने नीतिसँग पावलले सम्झौता गरेको देखाउँछ। पावल आफैले पनि जोडतोडले यस्ता सम्झौतामा आफू नफस्नु भनेर सिकाएको र सिकाउन खोजेको शिक्षासँग बाझिएको त देखाउँछ। धर्मकर्म वा मोशाको विधि पालन गरेर मुक्ति पाउने प्रावधान र अयहूदीहरूले विश्वासबाटमात्र मुक्ति पाइन्छ भन्ने शिक्षाले दुई सुसमाचार देखाउँछ, त्यो गलत हो भनेर पावलले बारम्बार जिकिर गरेका थिए। "इसाईहरू भएतापनि यहूदीहरूको अनुरोधलाई पावलले स्वीकार्न परमेश्वरले अधिकार दिनुभएको थिएन।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टलस्,* पृ. ४०५बाट रूपान्तरित।

**अरूको अगाडि सम्मान पाउन वा इज्जत थाम्न हामीले पनि त्यस्तो खालको धराप वा परम्पराको नाउँमा संस्कारको विधिसँग सम्झौता नगर्न हामी कसरी सचेत भएर बस्ने?**

## २. मन्दिरमा हुलदङ्गा

चर्चका अगुवाहरूको अनुरोध पावलले ग्रहण गरेपछि उनी सात दिनसम्म यहूदी धर्मको संस्कारलाई पालन गर्न मञ्जुर हुनु परेको थियो। त्यसको अर्थ मानिसहरूको भाकल पूरा गर्न (गन्ती १९:११-१३) पावल आफैले पनि सात दिनसम्म शुद्धिकरणको बिधि अपनाउनुपर्दथ्यो। फेरि यहूदी धर्मको परम्परा अनुसार कुनै पनि अन्य जाति वा अयहूदीलाई मन्दिरमा पस्न मनाही थियो किनभने यहूदी जाति बाहेक अरू सबै जातिहरू म्लेच्छ, पानी नचल्ने अछुत, अशुद्ध र तुच्छ जाति भनेर मानिन्थ्यो। तिनीहरू परमेश्वरको मन्दिरमा जान अयोग्य ठहरिएका थिए। पावलले पनि ती अन्य जातिहरूसँग उठबस तथा खानपिन गरेको हुनाले अशुद्ध हुन पुगेका थिए। यहूदी इसाई भाइहरूको नाजरिन भाकल पूरा गर्न सहयोग गर्नुपर्दा पुजारी सामु जान पावल आफैले पनि शुद्धिकरणको बिधि पूरा गरेर मात्रै जानुपरेको थियो (प्रेरित २१:२६)।

**मोशाको नियम अनुसार पावलले सात दिनको शुद्धिकरणको विधि पूरा गरेपछि पावललाई के भयो? पढ्नुहोस् प्रेरित २१:२७-४० "२७ जब सातौं दिन**

पूरा हुन लागेको थियो, तब एशियाका यहूदीहरूले पावललाई मन्दिरमा देखेर सारा भीड़लाई उत्तेजित पारे, र तिनलाई पक्रे। २८ उनीहरू यसो भन्दै कराउन लागे "इस्राएलका मानिस हो, सहायता गर्नुहोस्! मानिसहरूलाई जताततै हाम्रो जाति, हाम्रो व्यवस्था र यस ठाउँको विरुद्धमा शिक्षा दिई हिँड्ने मान्छे यही हो। यति मात्र होइन, यसले ग्रीकहरूलाई पनि मन्दिरभित्र ल्याएर यस पवित्र ठाउँलाई अशुद्ध पारिदिएको छ।" २९ किनभने यसको अगाडि उनीहरूले एफिससको त्रोफिमस भन्ने एक जनालाई तिनीसँग सहरमा देखेका हुनाले त्यसैलाई पावलले मन्दिरभित्र ल्याएका हुन् भनी उनीहरूले ठाने। ३० तब जम्मै सहरमा हलचल भयो, र मानिसहरू एकसाथ दौड्दैआए। उनीहरूले पावललाई पक्रेर मन्दिरबाट बाहिर घिस्स्याउँदै ल्याए, र तुरुन्तै ढोकाहरू बन्द गरिए। ३१ जब उनीहरूले तिनलाई मार्ने चेष्टा गरिरहेका थिए, तब सारा यरूशलेम खलबलिएको छ भन्ने कुराको खबर पल्टनका सेनापतिकहाँ आइपुग्यो। ३२ उनी तुरुन्तै सिपाही र कप्तानहरू साथमा लिएर उनीहरूकहाँ दौड्दैआए। उनीहरूले सेनापति र सिपाहीहरूलाई देखे, र पावललाई कुट्न छोड़े। ३३ तब ती सेनापति नजिक आएर पावललाई समाते र दुई साङ्लाले तिनलाई बाँध्ने हुकुम दिए। यो को हो र यसले के गऱ्यो भनी उनले सोधे। ३४ तर त्यस भीड़मध्ये कसैले एक कुरा र कसैले अर्को कुरा भनेर कराए, र उनले त्यस होहल्लाले गर्दा घटना के हो सो थाहा पाउन नसकेकाले पावललाई ब्यारेकमा लैजानू भनी आज्ञा दिए। ३५ जब पावल भऱ्याङमा आइपुगे, तब धुइरोको हिंसक उत्तेजनाले गर्दा सिपाहीहरूले तिनलाई उचालेर लगे। ३६ किनभने मानिसहरूको भीड 'त्यसलाई सिद्ध्याइदेऊ' भनेर कराउँदै पछिपछि लागेको थियो।" ३७ ब्यारेकभित्र पुऱ्याउन लाग्दा पावलले सेनापतिलाई भने, "हजूर, अनुमति पाए, म केही भन्न चाहन्छु।" उनले भने, "के तँलाई ग्रीक भाषा आउँछ? ३८ के तँ त्यही मिश्री होइनस्, जसले भर्खरै विद्रोह मच्चाई चार हजार विद्रोहीहरूलाई जङ्गलमा लगेको थियो?" ३९ तर पावलले जवाफ दिए, "म त किलिकियाको सहर टार्ससको एक यहूदी मानिस हुँ, सानोतिनो सहरको नागरिक होइनँ। बिन्ती छ, यी मानिसहरूलाई केही भन्ने मलाई मन्जूरी दिनुहोस्।" ४० जब उनले मन्जूरी दिए, तब भऱ्याङमा उभिएर पावलले मानिसहरूलाई हातले इशारा गरे। मानिसहरू बिलकुलै शान्त भएपछि, तिनले उनीहरूलाई हिब्रू भाषामा यसो भने–"

यहूदी धर्मको मुटु वा अत्यन्त पवित्र मन्दिरमा विदेशी मानिसलाई भित्राएर अपवित्र पारेको हुनाले त्यहाँ ठूलो हुलदङ्गा मच्चियो। यहूदी धर्मको

प्रतीकलाई पावलले आक्रमण गऱ्यो भनेर केही मानिसहरूले भिडलाई उचाले। एफिससबाट आएको अयहूदी विश्वासी ट्रोफिमसले (प्रेरित २१:२९) पावलको यात्रामा साथ दिएका थिए। ती हुलले उनलाई मन्दिरको भित्री पवित्र आँगनमा पावललाई भित्राइयो भनेर सोचेका थिए। त्यस आँगनमा केवल यहूदीहरूमात्र पस्न सक्थे। यदि उनीमाथि लगाएको आरोप सही भएको भए पावलले अत्यन्त गम्भीर भूल गरेको ठहरिन्थ्यो। मन्दिरको बाहिरी आँगन र भित्री आँगनको बीचमा पर्खाल थियो। अयहूदी पाहुनाहरू भित्री आँगनमा नजाओस् भनेर "केवल यहूदीहरूलाई मात्र" भन्ने सूचना पाटी यहूदी र अयहुदी छुट्याउने पर्खालको ढोकामा टाँगिएको थियो। यदि भुलवस त्यहाँ पसियो भने तिनीहरूले आफ्नो मृत्यु आफैले निम्त्याएको भनेर मानिन्थ्यो।

"यहूदी धर्मको नियम अनुसार खतना नगरेको मानिस मन्दिरको पवित्र भित्री आँगनको परिसरमा पस्यो भने उसले ठूलो अपराध गरेको ठहर्थ्यो र ऊ मृत्युदण्ड पाउन योग्य भएको ठहर्थ्यो। मानिसहरूले एफिससको ट्रोफिमस पावलसँग घुमफिर गरेको देखेका थिए। त्यसैको आधारमा पावलप्रति उनको बिरोधीहरूले आक्रोस पोखेका थिए। तर ट्रोफिमस पावलसँग भित्री आँगनमा गएको थिएन। पावल आफै पनि यहूदी भएको कारणले उनी मन्दिरको भित्री आँगनमा पस्नु जायज नै थियो। उनले मन्दिरको नियमलाई उल्लङ्घन गरेका थिएनन्। त्यसकारण उनीप्रति लगाएको आरोप झुटो थियो तर उनका विरोधीहरूले जनमानसको पूर्वाग्रह उचाल्न झुटा आरोपलाई प्रयोग गरे। मन्दिरको परिसरमा पावलको बिरुद्धमा हुलका हुल मानिसहरू चिच्याउन थाले। त्यसले गर्दा त्यहाँ अनियन्त्रित उत्तेजित दङ्गा मच्चिएको थियो।"- एलेन जी ह्वाइट, *द आक्टस् अभ द आपोस्टलस्,* पृ. ४०७बाट रूपान्तरित।

मन्दिरमा हुलदङ्गा भएको खबर सुनेपछि रोमी सैनिक ब्यारेकमा त्यहाँ रोमी सिपाहींको हाकिम क्लडियस लिसियास (प्रेरित २१:२१,३२,२३:२६) पल्टनसाथ आए र पावललाई हुलले मार्नुभन्दा अगाडि उद्धार गरे।

पावल आक्रमणको शिकार भएकोले उनलाई पक्रेर सिक्रीले बाँधे र उनले के गरे भनेर उत्तेजित हुललाई सोधे। तर उत्तेजित हुलमा कसैले पनि उनीमाथि आक्रमण भएको खास कारण भन्न सकेन। उनले पावललाई सैनिक ब्यारेकमा हुलहरूबाट उचालेर भएपनि लान आदेश दिए।

**पावलको बिरुद्धमा भए नभएको कुरा फैलाएर मानिसहरूले क्रोध उचाले र त्यहाँ हुलदङ्गा मच्चियो। अरूको बारेमा कानेखुशी वा अरूको चरित्र**

**हत्या गर्ने खालको कुराहरू नसुन्न, विश्वास नगर्न र नफैलाउन हामीले किन होसियार हुनुपर्छ?**

## ३. हुललाई पावलले सम्बोधन गर्छन्

पावललाई के भयो भनेर प्रेरित २१:३७-४०मा उल्लेख गरिएको छ। जब पावललाई सोधपुछको निम्ति व्यारेकमा लान खोज्छन् तब उनले मानिसहरूलाई सम्बोधन गर्न सिपाहीको हाकिमसँग अनुमति माग्छन्। हुलका हुल मानिसहरू पावलको मृत्युको निम्ति चिच्च्यारहेको भएतापनि आफ्नो कुरा तिनीहरूसँग राख्न पावलले चाहेका थिए।

जब ग्रीक भाषामा पावलले हाकिमसँग भिडलाई सम्बोधन गर्न अनुमति मागे तब उनी त इजिप्टबाट आएका विद्रोही यहूदी भन्ठाने। केही वर्ष अघि रोमी आधिपात्यको बिरुद्धमा उक्त यहूदीले यरुशलेममा विद्रोह मच्चाएका थिए। रोमी सेनाले त्यस विद्रोहलाई साम्य पारेका थिए। धेरै जसो त्यस इजिप्टबाट आएको यहूदीका पछि लाग्ने मानिसहरूलाई कि त मारेका थिए कि त पक्रेर थुनेका थिए तर त्यो यहूदी भने भाग्न सफल भएको थियो।

आफू इजिप्ट होइन टारससबाट आएको भनेर सुनाएपछि पावललाई भिडसँग बोल्न हाकिमले अनुमति दिए। भिडले उनको बिरोध गरेर आक्रमण गरेको कारणको बारेमा पावलले भनेनन् (प्रेरित २१:२८) वा स्पष्टिकरण दिएनन् बरू उनले येशूलाई कसरी विश्वास गर्न पुगे भनेर सुनाए। आफू यहूदी धर्मको गुरू भएर यहूदी धर्मको कट्टर बिश्वासी भएको जनाए र येशूका विश्वासीहरूलाई पनि उनले कसरी सताए भनेर सुनाए। परमेश्वरबाट विभिन्न समयमा विभिन्न सन्देशहरूको सामना गर्नुपरेकोले तिनीहरूको पछि लाग्नेको बिकल्प उनले नभेट्टाएको सुनाए। पावलको जीवनमा कसरी आमूल परिवर्तन आयो र अयहूदीहरूको बीचमा सुसमाचार प्रचार गर्ने जिम्मेवारी उनको काँधमा आएको त्यस सम्बोधनबाट बुझ्न सकिन्छ। पावलले धर्मशास्त्रबाट वादविवाद गरेनन् बरू आफ्नो अनुभव प्रस्तुत गरे र आफू किन के गरिरहेका छन् भनेर त्यस भिडलाई सम्झाउन खोजे।

**जब पावलले आफू अन्य जाति वा अयहूदीहरूको सुसमाचार प्रचार गर्ने प्रेरित भनेर उल्लेख गरे तब भिडको प्रतिक्रिया कस्तो थियो भनेर प्रेरित २२:२०-३०ले बताएको पढ्नुहोस्: "२० तपाईंको साक्षी स्तिफनसको रक्तपात हुँदा म आफै पनि नजिकै उभी त्यस हत्यामा सहमत भई, उसलाई मार्नेहरूका**

वस्त्र कुरेर बसेका थिएँ। २१ "तब प्रभुले मलाई भन्नुभयो, 'जाऊ, किनकि म तिमीलाई अन्यजातिहरूकहाँ टाढ़ा-टाढ़ासम्म पठाउनेछु'।" २२ उनीहरूले पावलका कुरा यहाँसम्म मात्र सुने, र यसो भन्दै उनीहरू चर्को सोरले चिच्च्याउन थाले, "यस्तो मानिस पृथ्वीबाट हटाइओस्। किनकि त्यो बाँच्ने योग्यको छैन।" २३ उनीहरू आफ्ना वस्त्र च्यात्दै र धुलो उड़ाउँदै कराउन लागे। २४ सेनापतिले हुकुम गरे, "त्यो ब्यारेकभित्र ल्याइओस्, र कोर्रा लाएर जाँचिओस्, कि किन त्यसको विरुद्धमा तिनीहरू यसरी कराइरहेछन्।" २५ अनि जब तिनीहरूले पावललाई छालाका डोरीले बाँधे, तब पावलले नजिकै उभिएका कप्तानलाई सोधे, "के रोमी नागरिक र दोषी नठहरिएको मानिसलाई कोर्रा लगाउन न्यायसङ्गत हो?" २६ कप्तानले यो सुनेपछि सेनापतिकहाँ आई यसो भने, "तपाईंले के गर्न आँट्नुभएको छ? किनकि यो मानिस त रोमी नागरिक रहेछ।" २७ तब सेनापतिले आएर पावललाई सोधे, "मलाई भन्, के तँ रोमी नागरिक होस्?" तिनले भने, "हुँ।" २८ सेनापतिले जवाफ दिए, "मैले त यो नागरिक हक धेरै रुपियाँले तिरेर किनेको हुँ।" पावलले भने, "तर म त जन्मसिद्ध रोमी हुँ।" २९ तर तिनलाई जाँच गर्न तयार भएकाहरू सबै तुरुन्तै हटेर गए, र पावल एक रोमी नागरिक रहेछन् भनी थाहा पाएर सेनापति पनि डराए, किनकि उनले तिनलाई बाँधेका थिए। ३० तर भोलिपल्ट यहूदीहरूले पावललाई कुन खास कारणले दोष लाएका थिए सो बुझ्ने इच्छाले तिनलाई फुकाइदिए, र सबै मुख्य पूजाहारीहरू र महासभालाई जम्मा हुने आज्ञा गरे, अनि पावललाई तल ल्याई तिनीहरूका सामुन्ने खड़ा गरे।"

हुन त पावलको बोल्ने निर्णय त्यस्तो फाइदाजनक भएको थिएन। आफू अयहूदीहरूको सुसमाचारवाहक भनेर स्वीकार्दा उनीमाथि लगाएको दोष ठिक भएको देखिएको थियो (प्रेरित २१:२८) र उत्तेजित भिडले उनको रगतको माग गरे। रोमी हाकिमले पावलले भनेका कुरा सबै नबुझ्न सक्छन्। त्यसकारण उनलाई कोर्रा लगाएर जाँच्न खोजे। पावल शुद्ध यहूदी मात्र होइन (फिलिप्पी ३:५) आफू रोमी नागरिक भनेर उल्लेख गर्दा हाकिम झस्क्यो। रोमी नागरिकलाई कठोर यातना दिन पाइँदैनथ्यो।

**पावलको भाषण प्रेरित २२:१-२१ पढ्नुहोस्। आफ्नो बचावको बारेमा बोल्ने क्रममा उनले आफ्ना यहूदी जनहरूलाई कसरी सुसमाचार प्रचार गरिरहेका थिए? आफ्नो आत्मपरिवर्तनको बृतान्त पावलले किन भने? येशू ख्रीष्टलाई विश्वास गर्दा व्यक्तिगत रूपमा आमूल परिवर्तन भएको अनुभवका कथाहरू किन**

धेरै प्रभावकारी हुनसक्छ? हेर्नुहोस् पावलको सम्बोधन "१ “भाइ हो तथा बाबै हो, तपाईंहरूका सामु मैले आफ्नो पक्षमा भन्नुपर्ने कुरा अब सुन्नुहोस्।” २ तिनी हिब्रू भाषामा बोलेका सुनेर उनीहरू अझ चूप भए। ३ तिनले भने, “म किलिकियाको सहर टार्ससमा जन्मेको एक यहूदी हुँ, तर यस सहरमा गमलिएलका चरणमा हुर्किएको हुँ। हाम्रा पुर्खाका विधिअनुसार मैले ठीक-ठीक शिक्षा पाएको हुँ। आज तपाईंहरू परमेश्वरतर्फ जति उत्साही हुनुहुन्छ, म पनि त्यतिकै उत्साही थिएँ। ४ मैले यस मार्गका मानिसहरूलाई मृत्युसम्मै सताएँ, अनि पुरुष र स्त्री दुवैलाई बाँध्दै झ्यालखानमा हालिदिएँ। ५ प्रधान पूजाहारी र जम्मै महासभाले पनि मेरो पक्षमा गवाही दिन्छन्। उहाँहरूकै तर्फबाट भाइहरूका नाउँमा पुर्जी पाएर म त्यहाँ भएका विश्वासीहरूलाई बाँधेर यरूशलेममा ल्याई सजाय दिलाउन दमस्कसमा गएको थिएँ। ६ “मेरो यात्रामा दमस्कसनेर आइपुग्दा प्रायः मध्यान्ह भएको हुँदो हो, अचानक स्वर्गबाट एउटा ठूलो ज्योति मेरो वरिपरि चम्क्यो, ७ र म जमिनमा लोटें, अनि मलाई यसो भनिरहेको एउटा आवाज सुनें, ‘ए शाऊल, ए शाऊल, तिमी किन मलाई सताउँदछौ?’ ८ अनि मैले सोधें, ‘हे प्रभु, तपाईं को हुनुहुन्छ?’ अनि उहाँले मलाई भन्नुभयो, ‘नासरतको येशू मै हुँ, जसलाई तिमी सताइरहेछौ।’ ९ तब मसँग जति जना थिए, तिनीहरूले ज्योति त देखे, तर मसँग बोल्नेको शब्द भने सुनेनन्। १० “मैले भने, ‘हे प्रभु, अब के गरूँ?’ अनि प्रभुले मलाई भन्नुभयो, ‘उठ, दमस्कसमा जाऊ, र तिमीले गर्नुपर्ने तोकेका कामहरू तिमीलाई बताइनेछन्।’ ११ त्यस ज्योतिको तेजले गर्दा जब मैले केही देख्न सकिनँ, तब मसँग हुनेहरूले हातले समाती डोऱ्याएर मलाई दमस्कसमा ल्याए। १२ “हननिया भन्ने एक जना व्यवस्थाअनुसार चल्ने भक्त मानिस जसले त्यहाँ बस्ने सबै यहूदीहरूबाट आदर पाएका थिए, १३ तिनी मकहाँ आए, र मेरो छेउमा खड़ा भएर मलाई भने, ‘भाइ शाऊल, दृष्टि प्राप्त गर्नुहोस्।’ र मैले त्यही घड़ी दृष्टि प्राप्त गरें, र तिनलाई देखें। १४ “अनि तिनले भने, ‘हाम्रा पिता-पुर्खाका परमेश्वरले उहाँको इच्छा तपाईंले जान्न, र ती धार्मिक पुरुषलाई देख्न, र उहाँको मुखबाट शब्द सुन्न तपाईंलाई नियुक्त गर्नुभएको छ। १५ किनकि सबै मानिसहरूका सामु उहाँको निम्ति तपाईंले जे देख्नु र सुन्नुभएको छ, तपाईं त्यसको साक्षी हुनुहुनेछ। १६ त अब किन पर्खनुहुन्छ? उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस्।’ १७ “यरूशलेममा फर्केर आएपछि मन्दिरमा प्रार्थना गरिरहँदा म ध्यान-मग्न भएँ। १८ उहाँले मलाई यसो भनिरहनुभएको

मैले देखें, 'चाँड़ो गरेर यरूशलेमबाट निस्किहाल, किनकि मेरो विषयमा तिमीले दिएको गवाही तिनीहरूले ग्रहण गर्नेछैनन्।' १९ "मैले भनें, 'हे प्रभु, मैले हरेक सभाघरमा गएर तपाईंमाथि विश्वास गर्नेहरूलाई झ्यालखानमा हालेको र कुटपिट गरेको यिनीहरू सबैलाई थाहै छ। २० तपाईंको साक्षी स्तिफनसको रक्तपात हुँदा म आफै पनि नजिकै उभी त्यस हत्यामा सहमत भई, उसलाई मार्नेहरूका वस्त्र कुरेर बसेको थिएँ। २१ "तब प्रभुले मलाई भन्नुभयो, 'जाऊ, किनकि म तिमीलाई अन्यजातिहरूकहाँ टाढ़ा-टाढ़ासम्म पठाउनेछु'।"

## ४. यहूदी धर्मगुरूहरूको परिषद् सानहिड्रनको सामु पावल

पावल देशको निम्ति खतरा व्यक्ति नभएको भेट्टाएपछि सैनिक हाकिमले उनलाई यहूदीहरूको धार्मिक परिषद् सानहिड्रनको सामु लैजान निर्णय गरे। पावलप्रतिको क्रोध कुनै राष्ट्रियतासँग सरोकार नभएको तर धार्मिक बिषयमा बिबाद भएकोले उनको मामिला यहूदी धार्मिक परिषद्ले नै सुल्झाउनुपर्ने उक्त हाकिमको निर्णय थियो (प्रेरित २२:३०,२३:२९)।

जब यहूदी धार्मिक परिषद् सानहिड्रनको सामु पावल उभिए तब उनले आफ्नो बचाउको निम्ति आफ्नो मामिला पेश गर्न कसरी सुरू गरे भनेर प्रेरित २३:१-५ले यसरी बताउँछः "१ पावलले महासभातिर एकटक लाएर हेरे, र भने, "भाइ हो, आजको दिनसम्म परमेश्वरको दृष्टिमा मैले शुद्ध विवेकले जीवन बिताएको छु।" २ यस कुरामा प्रधान पूजाहारी हननियाले तिनको छेउमा उभिनेहरूलाई मुखमा हिर्काउने हुकुम दिए। ३ तब पावलले उनलाई भने, "हे चून पोतेको भित्तो! तिमीलाई पनि परमेश्वरले प्रहार गर्नुहुनेछ। तिमी व्यवस्थाबमोजिम मेरो इन्साफ गर्न बसेर के व्यवस्थाको विपरीत मलाई हिर्काउने हुकुम दिन्छौ?" ४ अनि छेउमा उभिनेहरूले भने, "के तँ परमेश्वरका प्रधान पूजाहारीको अपमान गर्छस्?" ५ तब पावलले भने, "भाइ हो, उहाँ प्रधान पूजाहारी हुनुहुन्छ भन्ने मलाई थाहा थिएन। किनकि लेखिएको छ, 'तैंले आफ्ना जनताका शासकको खराबी नबोल्नू'।"

पावलले बोल्न थालेको सुरूमै उसले आफ्नो मुखमा चडकन पाउनुपरेको थियो। कैदी भएको हैसियतले उनले परमेश्वरको बारेमा बोल्दा ईश्वर निन्दा गरेको ठहरिएको थियो। चड्कन पाएपछि उनको मुखबाट कटु बचन निस्कनुले यो देखाउँछ कि उनको मिजास कस्तो झोकि थियो भनेर बताउँछ। मूल पुजारीलाई चुनले पोतेको पर्खाल (प्रेरित २३:३) भनेर सम्बोधन

गर्दा फरिसीहरूको पाखण्डीपना वा दुई मुखे स्वभावलाई येशूले (मत्ती २३:२७) भन्डारफोर गर्नुभएको याद दिलाउँछ। कसलाई पावलले सम्बोधन गरेका थिए भनेर थाहा नपाएको कारणले उनको आँखा कमजोर भएको थियो भनेर भन्न सकिन्छ।

**तैपनि पावलले आफ्नो मामिला पेश गर्न कस्तो बुद्धि पुऱ्याउन खोजेका थिए? हेर्नुहोस् प्रेरित २३:६-१० "६ तर त्यस महासभामा एक दल सदुकी र अर्को दल फरिसीहरू रहेछन् भन्ने थाहा पाएर पावलले उच्च सोरमा भने, "भाइ हो, म त फरिसीहरूका छोरो फरिसी नै हुँ। मरेकाहरूको आशा र पुनरुत्थानको कारण मेरो मुद्दा चलिरहेछ।" ७ तिनले यसो भनेपछि फरिसीहरू र सदुकीहरूमा मतभेद भयो, र भीड़मा फाटो पऱ्यो। ८ किनकि सदुकीहरू भन्दछन् कि पुनरुत्थान, स्वर्गदूत, आत्मा भन्ने केही पनि छैन। तर फरिसीहरू ती सबै मान्छन्। ९ त्यहाँ ठूलो होहल्ला मच्चियो, र फरिसी दलका कोही शास्त्रीहरू खड़ा भएर यसो भन्दै प्रतिवाद गर्न लागे, "यस मानिसमा हामी केही खराबी पाउँदैनौं। यदि आत्मा वा स्वर्गदूतले यिनलाई यसो भनेका हुन् भने के त?" १० त्यहाँ ठूलो मतभेद भएपछि उनीहरूका हातबाट पावल लुछलाछ पारिएलान् भन्ने डरले सेनापतिले सिपाहीहरूलाई तल गएर तिनलाई उनीहरूका बीचबाट बलजफतीसँग ल्याएर ब्यारेकभित्र लैजानू भनी आज्ञा दिए।"**

यहूदी धार्मिक परिषद सानहिड्रनमा दुई खेमाका यहूदी पण्डितहरू थिए। तिनीहरूमा सदुकी खेमा र फरिसी खेमाका थिए। धर्मशास्त्रको बिभिन्न विषयहरूमा तिनीहरूको बीचमा मतभेद भएको थियो। सदुकीहरूको धर्मशास्त्रमा मोशाको केवल प्रथम पाँच पुस्तकहरूमामात्र समावेश भएका थिए। मानिस मरेपछि बौरि उठ्छ भनेर तिनीहरूले विश्वास गर्दैनथे (मत्ती २२:२३-३२)।

सानहिड्रनका मानिसहरूको ध्यान मोड्न पावलले जुन वचन प्रयोग गरे (प्रेरित २३:६) त्यो पावलले केवल चलाखी नीतिमात्र प्रयोग गरेका थिएनन्। दमस्कसको बाटोमा पुनरुत्थान भएका येशूसँग जुन् जम्का भेट भयो त्यो पावलको निम्ति आत्मपरिवर्तनको जरो थियो र त्यो उनको सुसमाचार प्रचार गर्ने अधिकार येशूबाट पाएको प्रमाण थियो। येशूको पुनरुत्थान वा पुनरुत्थानको बिषयमा आफूमाथि मुद्दा चलाइएको नै मूल विषयबस्तु थियो भनेर पावलले यहूदी धार्मिक परिषदको सामु पेश गरे (प्रेरित २४:२०,२१,२६:६-८)। आफू फरिसी भएर येशूका विश्वासीहरूलाई सताउने जोश अब उहाँलाई विश्वास गरेर सुसमाचार सुनाउने जोशलाई कसैले पनि हल्लाउन सक्दैन भन्ने

पावलको सम्बोधनले देखाएको थियो। यदि येशू पुनरुत्थान नहुनुभएको भए उनको जोश र सुसमाचार प्रचार गर्ने सेवाकार्यको कुनै अर्थ हुने थिएन। त्यो कुरा उनलाई राम्रोसँग थाहा थियो (१ कोरन्थी १५:१४-१७)। (पुनरुत्थानको बिषयमा पावलले सम्बोधन गर्दा फरिसीमतका पण्डितहरू जसले पुनरुत्थानमाथि बिश्वास गर्दथे र सदुकी मतका विश्वासीहरू जसले पुनरुत्थानमाथि विश्वास गर्दैनथे, तिनीहरूको बीचमा बादबिवाद भयो। तिनीहरूको बादबिबादमा पावलको ज्यान जाला भन्ने डरले सेनापतिले पावललाई व्यारेकमा सुरक्षितसाथ लगे)।

त्यस रात पावल जब रोमी सेनाहरूको ब्यारेकमा सुतिरहेको बेलामा परमेश्वरले उनलाई ढाढस दिएर भन्नुभयो, "पावल आफ्नो शिर ठाडो राख। जसरी तिमीले यरुशलेममा मेरो बारेमा गवाही दियौ त्यसरी नै तिमीले रोममा पनि दिनु आवश्यक छ" (प्रेरित २३:११ रूपान्तरित)। जुन परिस्थितिमा परमेश्वर पावलसँग बोल्नुभयो त्यो उनको निम्ति अत्यन्त अर्थपूर्ण थियो। रोममा येशूको बारेमा प्रचार गर्ने उनको गहिरो चाहना र सङ्कल्प (प्रेरित १९:२१, रोमी १:१३-१५,१५:२२-२९) पूरा हुने निश्चय भएको थियो।

## ५. पावललाई कैसरियामा सारिन्छ

केही अतिवादी यहूदीहरूले अब मुद्दा चलाएर खतम गर्न सकिंदैन भनेर थाहा पाएपछि जुन तरिका अपनाएर भएपनि उनलाई सिध्याउन षडयन्त्र तिनीहरूले गरे। लुकीछिपी धरापमा पारेर उनलाई तिनीहरू आफैले मार्ने निर्णय तिनीहरूले गरे।

**तिनीहरूको षडयन्त्र के थियो र त्यो कसरी असफल भयो? गलतै भएतापनि धर्मको नाउँमा मानिसहरूलाई हत्या गर्न जोशिने प्रबृत्तिलाई हामीहरूले कसरी मूल्याङ्कन गर्ने? हेर्नुहोस् प्रेरित २३:१२-१७ "१२ बिहान उज्यालो भएपछि यहूदीहरूले आपसमा गट्ठा बाँधेर पावलको हत्या नगरेसम्म केही नखाने र नपिउने शपथ खाए। १३ यो षड्यन्त्र गर्ने मानिसहरू चालिसभन्दा पनि बढ़ी थिए। १४ यिनीहरूले मुख्य पूजाहारीहरू र धर्म-गुरूहरूकहाँ गएर भने, "पावलको हत्या नगरेसम्म हामी केही खानेछैनौं भनी हामीले दृढ़ शपथ खाएका छौं। १५ यसकारण तपाईंहरू र महासभा मिलेर सेनापतिलाई अपिल गर्नुहोस्, र त्यसको मुद्दाको निर्णय अझ ठीक रूपले गर्नुपर्छ भन्ने बहाना बनाई त्यसलाई झिकाउनुहोस्। अनि त्यो यहाँ आउनासाथ हामी त्यसको हत्या गर्न तयार**

**रहन्छौं।" १६ अब पावलको भानिजले यो षड्यन्त्र थाहा पाएर ब्यारेकभित्र गई पावललाई सुनाइदियो। १७ तब पावलले कप्तानहरूमध्ये एक जनालाई बोलाएर भने, "यस युवकलाई सेनापतिकहाँ पुऱ्याइदिनुहोस्, किनकि यसको उहाँसँग केही भन्ने कुरा छ।"**

चालिसभन्दा बढि अतिवादी यहूदीहरूले पावलको हत्या नगरि केही नखाने भाकल गरेबाट यरुशलेममा यहूदीहरूमा पावलप्रति कतिको घृणा जागेको रहेछ भनेर देखाउँदछ पावललाई नमारुञ्जेल केही नखाने भनेर किरिया खाने मानिसहरू को थिए भनेर लूकाले भन्दैनन्। तर आफ्नो यहूदी धर्मको रक्षा गर्न त्यसलाई बिगार्ने कुनै पनि तत्वहरूलाई बाँकी नराख्ने प्रतिवद्धता देखाउने ती मानिसहरू धर्मलाई प्रयोग गरेर मानिसको हत्या गर्न नहिच्किचाउने अतिबादी यहूदीहरू थिए। आफ्नो धर्मलाई बिगार्न खोज्ने मानिसहरूलाई शत्रु र धोकेवाजको संज्ञा ती अतिवादीहरूले दिएका थिए। बिद्रोही र राष्ट्रियताको भावनाले अभिप्रेरित भएर धर्मको नाउँमा अतिवादी हुने प्रवृत्ति प्रथम शताब्दीमा इस्राएल र वरिपरिका देशहरूमा साधारण नै थियो (अहिले पनि छैन भन्न मिल्दैन)।

तर भाग्यवस पावललाई मार्ने षडयन्त्रको खबर पावलको भतिजाको कानमा पुगेको थियो। पावल र उनको परिवारको बारेमा हामीलाई केही थाहा नहुनु दुःख लाग्दो कुरो हो। तर उनी र उनको बहिनी यरुशलेममा हुर्केका थिए भन्न सकिन्छ (प्रेरित २२:३)। उनकी बहिनीले बिवाह गरेकी थिइन् र कमसेकम एक जनामात्र छोरो भएको देखाउँछ। पावलको भतिजा किशोर अवस्थामा नै थियो (प्रेरित २३:१८,२२) किनभने उसलाई व्यारेकमा हात समातेर लगेकोले (प्रेरित २३:१९) उनी सानै केटा थियो भन्ने देखाउँछ। ब्यारेकमा गएर पावललाई मार्ने अतिवादीहरूको षडयन्त्र सुनाएको थियो।

**पावलको बारेमा बडा हाकिम फेलिक्सलाई सेनापति लिसियासले कस्तो खालको सन्देश पठाएको थियो? हेर्नुहोस् प्रेरित २३:२६-३० "१८ यसकारण उनले त्यसलाई लिएर सेनापतिकहाँ पुऱ्याएर भने, "बन्दी पावलले मलाई डाकेर यस ठिटालाई तपाईंकहाँ लैजानू भनेको छ, तपाईंलाई भन्नुपर्ने केही कुरा छ, अरे।" १९ सेनापतिले त्यसको हात समातेर एकातिर लगी एकान्तमा सोधे, "तैंले मलाई भन्ने कुरा के हो?" २० त्यसले भन्यो, "यहूदीहरूले पावलको विषयमा अझ राम्ररी सोधपूछ गर्ने निहुँ गरी भोलि तिनलाई महासभामा ल्याइदिनुहोस् भनी तपाईंसँग अनुरोध गर्ने मतो गरेका छन्। २१ तर तपाईंले तिनीहरूको कुरा**

**नमान्नुहोला, किनकि तिनीहरूमध्ये चालीसभन्दा पनि बढ़ी मानिसहरूले तिनको हत्या नगरुञ्जेल केही खानपान नगर्ने शपथ खाएर तिनलाई मार्नलाई ढुकेर बसेका छन्, र अब तिनीहरू तपाईंका वचनको आशा गरी तयारीमा छन्।" २२ यसकारण सेनापतिले त्यस ठिटालाई यसो भनी आज्ञा दिएर पठाए, "तैंले मलाई यो खबर दिएको कुरा कसैलाई नभन्।" २३ त्यसपछि तिनले कप्तानहरूमध्ये दुई जनालाई बोलाई भने, "आज राती नौ बजेतिर दुई सय सिपाहीहरू, सत्तरी जना घोड़चढ़ी र दुई सय भालावालहरूलाई कैसरियासम्म जान तयार पारी राख। २४ अनि पावलको निम्ति पनि घोडाको व्यवस्था गर, र उनलाई सुरक्षासाथ हाकिम फेलिक्सकहाँ पुऱ्याऊ।" २५ तिनले यस किसिमको पत्र पनि लेखेः २६ "माननीय हाकिम फेलिक्सलाई, क्लौडियस लुसियसको अभिवादन! २७ यस मानिसलाई यहूदीहरूले पक्रेर मार्न खोजेका थिए, तर यो रोमी नागरिक रहेछ भन्ने मैले थाहा पाई फौजसँग त्यहाँ पुगी यसलाई छुटाएँ। २८ कुन अभियोगमा तिनीहरूले यसलाई दोष लाएका रहेछन् भनी जान्ने इच्छाले मैले यसलाई तिनीहरूको महासभामा ल्याएँ। २९ तिनीहरूले व्यवस्थाका प्रश्नबारे यसलाई दोष लाएका रहेछन्। तर ज्यानसजाय अथवा कैद गर्नुपर्ने माफिकको केही दोष मैले भेट्टाइनँ। ३० यस मानिसको विरुद्ध षड्यन्त्र हुँदैछ भन्ने कुराको सूचना मलाई दिइयो, र यसलाई तुरुन्तै तपाईंको सामने पठाएको छु, र यसको विरुद्ध दोष लाउनेहरूलाई पनि तपाईंको सामु बयान दिनू भनी आदेश गरेको छु।"**

सेनापतिको पत्रले फेलिक्सलाई पावलको बारेमा राम्रोसँग जानकारी दिएको थियो। पावलले आफ्नो रोमी नागरिकको अधिकार कसरी प्रयोग गरे भनेर पनि त्यस पत्रले देखाउँछ। रोमको कानुनले आफ्ना नागरिकहरूलाई पूर्णरूपमा सुरक्षा दिएको थियो। रोमी नागरिकलाई त्यसै समातेर मार्न पाइँदैनथ्यो तर कानुनी प्रक्रिया पूरा गरेरमात्र उसलाई अड्डामा लगेर आफ्नो पक्षमा लड्न पाइन्थ्यो (प्रेरित २५:१६)। कुनै पनि रोमी नागरिकले मुद्दामा हाऱ्यो वा उसप्रति न्यायिक फैसला भएन भने उसलाई रोमको बादशाहको अगाडि आफ्नो मामिला राख्ने अधिकार हुन्थ्यो (प्रेरित २५:१०,११)।

फेलिक्स कस्तो खालको मानिस हो भन्ने कुरामा हामीलाई चासो नभएतापनि उसले पावललाई कानुनी आधारमा व्यवहार गरेको थियो। पावललाई सोधपुछ गरिसकेपछि फेलिक्सले उनलाई सुरक्षित राख्न हुकुम

दिए। यरुशलेमबाट पावललाई दोषी ठहऱ्याउने मानिसहरू आउन आवश्यक थियो।

**परमेश्वरले पावलको जीवनमा कसरी काम गरिरहनुभएको थियो सो सोच्नुहोस्। तपाईंले आफ्नो जीवनमा जतिसुकै दुःखकष्ट र परीक्षाको सामना गर्नुपरेतापनि परमेश्वरको अगुवाईलाई तपाँईले स्वीकार्न वाध्य हुनुपुग्नु भएको छ कि छैन?**

## उपसंहारः

**थप जानकारीः** "जब पावल र उनका सहयोगीहरू यरुशलेममा आइपुगे तब त्यहाँका अगुवाहरूलाई औपचारिकरूपमा आफ्नो कामको बारेमा जानकारी दिएका थिए र अयहूदी चर्चका विश्वासीहरूले यहूदी विश्वासीहरूलाई पठाएको सहयोग सुम्पेका थिए।...

यरुशलेमका विश्वासीहरूलाई अयहूदी चर्चका विश्वासीहरूलाई स्वइच्छाले दिएका भेटीहरूले संस्थागत चर्चप्रति तिनीहरूको बफादारिता देखाइएको थियो। परमेश्वरको सुसमाचार सारा संसारमा सुन्न पाउँदा विश्वासीहरूले आभारी भएर दिने भेटीहरू कृतज्ञतापूर्वक ग्रहण गर्नु आवश्यकछ। तर जुन मानिसहरूको सामु पावल र उनका सहयोगीहरू उभिए तिनीहरू इसाई भनेर चिनिएतापनि अन्य जातिहरूको भातृप्रेमको सराहना गर्न नसकेको देखाउँछ। जुन उपहारहरू पठाए ती परमेश्वरको वचन सुनेर आभारी भएर अरू जातका इसाईहरूले पठाएका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ एपोस्टल्स, पृ. ३९९,४००बाट रूपान्तरित।

"यदि यरुशलेम चर्चका अगुवाहरूले प्रेरित पावलप्रति भएको पूर्वाग्रहको भावना परमेश्वरमा पूर्णरूपमा सुम्पेको भए र पावललाई परमेश्वरले नै अन्य जातिहरूको बीच सुसमाचार सुनाउन चुन्नुभएको हो भनेर स्वीकारेको भए परमेश्वरले तिनीहरूको हातबाट पावललाई छुटाउनुहुन्थ्यो। पावलको परिश्रम छिटै सकियोस् भन्ने परमेश्‌वरको चाहना थिएन। तर यरुशलेम चर्चमा रहेका अगुवाहरूको नियतलाई पनि प्रतिवाद गर्न वा पावललाई छुटाउन परमेश्वरले आश्चर्य कामद्वारा हस्तक्षेप गर्नुभएको थिएन।

यस्तै खालको प्रवृत्ति अहिले पनि चर्चमा कायमै भएको पाइन्छ जसले गर्दा पावलको जस्तो दुर्गति परमेश्वरका जनहरूले भोग्नुपरिरहेको छ। परमेश्वरको अनुग्रहको सराहना गर्न वेवास्ता गर्ने र उहाँले दिनुभएको

अनुग्रहलाई राम्रोसँग परिचालन नगर्दा चर्चहरू परमेश्वरले दिनुहुने धेरै आशिषहरूबाट बँचित हुनुपरेको छ। यदि चर्चमा परिश्रम गर्ने विश्वासिलो तथा लगनशील पास्टर र सुसमाचार प्रचार गर्ने मानिसहरूलाई सराहना गरियो भने परमेश्वरले तिनीहरूको कामलाई लम्ब्याउनुहुन्छ। यदि चर्चले विश्वासीहरूको शत्रुलाई हुलेर एक आपसमा बाझाबाझ हुने परिस्थितिलाई सृजना गर्‍यो र ख्रीष्टको सेवकलाई गलत ढङ्गले लियो वा उनका वचनलाई बंग्याएर उनको खुट्टालाई तानेर उनलाई झार्न खोजियो भने, यदि उनको उपयोगितालाई ध्यानमा नराखेर उनालाई बाधा दिन थालियो भने चर्चलाई परमेश्वरले दिनु हुने आशिषबाट कहिलेकाहीँ आफ्नो हात झिक्नुहुन्छ।

...जब निष्ठुर मानिसले आफ्नो हात आफ्नो पत्थरको हृदयमा राखेर चल्छ, जब उसलाई दिइएको चेतावनी र साहसको आवाजलाई उसले चुपचाप पार्न खोज्यो भने उसले पाउने अमूल्यको आशिष उसैले फ्याँकेको उसले देख्नेछ। तिनीहरूको जीवनमा गर्नुपर्ने काम तिनीहरूको मृत्युपछि सम्पन्न हुनसक्छ। अर्थात् तिनीहरूले गर्न सक्ने काम तिनीहरूको मृत्युपछि अरूले नै गर्नेछ।"- एलेन जी ह्वाइट, *द आक्टस् अभ एपोस्टल्स,* पृ. ४१७, ४१८बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. **आफूलाई चर्चका मानिसहरूले राम्रोसँग व्यवहार गर्नेछैनन् भनेर थाहा पाउँदा पाउँदै पनि पावल यरुशलेममा गएका थिए। त्यसको अर्थ आफ्नो व्यक्तिगत भाऊभन्दा चर्चको भाऊलाई उनले प्राथमिकता दिएका थिए। उनको उदाहरण हामीहरूले कतिसम्म अनुसरण गर्ने?**

आ. **पावलले यहूदीहरूलाई खुशी पार्न आफ्नै नीतिलाई पनि पन्छाएर धार्मिक संस्कारमा सम्झौता गरेका थिए। तर हामीहरूको नीतिलाई आत्मसमर्पण नगरि राजनैतिक रूपमा के ठिक भएर चल्न सक्छौं त वा चल्नुपर्छ र?**

इ. **चर्चको एकता सधैं महत्त्वपूर्ण बिषय हुन्छ। हामीहरू भिन्ना भिन्नै भएतापनि, हामीहरूको व्यक्तिगत धारणा अलगै भएतापनि चर्चको एकताको निम्ति एक भएर कसरी मिलेर काम गर्ने?**

## कथा ११

## म पढाउन चाहन्न

## सेरनपिल “ओजी“ ओटगोनटुया, ४० मङ्गोलिया

*(यो कथा ४०वर्षिय ओजीको आफ्नै गवाही हो। उनी मङ्गोलियामा रहेको केवल एकमात्र सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलको प्रिन्सिपल हुन्)।*

जब म मङ्गोलियाको विश्वविद्यालयमा के पढ्ने भनेर सोचिरहेकी थिएँ, जे पढेपनि म कहिल्यै पनि शिक्षिका हुन चाहँदिन भनेर सोचेकी थिएँ। मेरी आमा किन्डरगार्टेनको शिक्षिका थिइन् र हल्ला गर्ने केटाकेटीहरूप्रति मेरो धैर्यता थिएन।

एक दिन चर्चको पास्टरले बालसङ्गतिमा पढाउन अनुरोध गरे। मैले भनें, “मलाई केटाकेटी मन पर्दैन। तिनीहरूलाई म सिकाउँन चाहँदिन।" तर उनले मलाई फलातिनको कपडामा चित्रित बाइबल कथाहरू भन्न अनुरोध गरे। ती चित्रहरू देखेर मलाई उत्सुकता त भयो तर जब मैले केटाकेटीहरू देखें मैले भनें, “म तिनीहरूलाई पढाउन सक्दिँन।" मेरो श्रीमानले मलाई सोध्नुभयो, “यो सानो सहरमा तिमीले के गर्छौ?"

***“मलाई थाहा छैन तर म पढाउनचाहिँ चाहन्न" मैले जवाफ दिएँ।***

एक दिन विश्वविद्यालयको क्लासपछि मेरो श्रीमानले केही विद्यार्थीहरूलाई घरमा खान बोलाए। मैले तिनीहरूको निम्ति सरल स्वस्थ खानाहरू बनाइदिएँ। मङ्गोलियामा मासु प्रत्येक खानेबेलामा प्रयोग गरिन्छ। मासु मङ्गोलियनहरूको मुख्य खानाको परिकार हो। तर मेरो टेबुलमा फलफूल, अन्न र सागसब्जीहरू थिए। ती देखेर विद्यार्थीहरूले अचम्म माने। तिनीहरूले सोधे, “कस्तो खालको खाना हो यो?" अनि तिनीहरूलाई बाइबलमा उल्लेख गरिएको स्वस्थ जीवनको बारेमा पो सिकाउन पुगें।

केही समयपछि छिमेकीका आमाहरूलाई साथी बनाएँ। जब म तिनीहरूकहाँ भेट्न गएँ मैले तिनीहरूको बच्चाहरूलाई बाइबलका कथाहरू सुनाएँ। म कहिल्यै पनि सिकाउँदिन भनेर मैले सोचेको थिएँ तर मैले बराबर सिकाइपो रहेकी थिएँ।

मेरो श्रीमानले सहरमा एउटा चर्च स्थापना गरे। अनि उनलाई फिलिप्पीनको एडभेन्टिस्ट विश्वविद्यालयमा अध्ययन गर्न निम्तो दिए। मैले प्रार्थना गरें “हे प्रभु मैले फिलिप्पीनमा के गर्ने?"

धेरै महिनासम्म यो प्रार्थना मैले गरिरहेको थिएँ। एक दिन विश्वविद्यालयको प्रोफेसर हाम्रो फिलिप्पीनको नयाँ घरमा आए। मेरो श्रीमानलाई विश्वविद्यालयमा पढाई सिध्याउन दुई वर्ष छ महिना लाग्छ त्यस बेलासम्म मैले के गरिरहने भनेर उनले मलाई सोधे।

*“नर्स वा एकाउन्ट पढ्छु होला" मैले भनें।*

“हामीसँगै प्रार्थना गरौं। परमेश्वरले तपाईंको निम्ति योजना देखाउनुहुनेछ होला" उनले भनें।

विश्वविद्यालयमा नर्स पढि सिध्याउन पाँच वर्ष लाग्ने मैले थाहा पाएँ। बिजिनेस विभागमा म गएँ। त्यहाँ एकाउन्टिङ्ग पढ्न चार वर्ष लाग्छ भनेर मलाई भनियो। अनि एकाउन्टिङ्गको बारेमा सोचिरहेको बेलामा शिक्षा विभागमा गएँ।

एक जना शिक्षक र मेरो बीचमा कुराकानी राम्रोसँग चल्यो। उनी त मङ्गोलियामा गइसकेका पो रहेछन् भनेर थाहा पाएँ। उनी पहिलो व्यक्ति थिए जो मैले कुरा गर्दै थिएँ जो मङ्गोलिया गएका थिए। उनीसँग कुरा गर्न मलाई धेरै उत्सुक भएको थियो।

केही समयको कुराकानीपछि मलाई शिक्षा विषय पढ्न उनले सुझाव दिए।

“ए, होला," मैले भनें। उनी दयालु भएकोले नाईं भन्न सकिंन।

“तपाईंको छोरी भएकोले प्राथमिक शिक्षा पढ्न किन कोशिश गर्नुहुन्न?" उनले भने। हामी धेरै बेर कुरा गर्‍यौं।आखिरमा उनलाई पढाउन जानुपरेको थियो। उनी मबाट छुट्नुअघि विश्वविद्यालयमा भएको किन्डरगार्टेन क्लासमा हेर्न जान उनले सुझाव दिए। जब म किन्डरगार्टेन क्लासमा गएँ त्यहाँ मैले जे देखें सो देखेर मलाई छक्क लाग्यो। बालबालिकाहरू शान्त र खुशी देखिन्थे। तिनीहरूलाई सिकाउने मिस पनि हँसिली देखिन्थिन्।

मङ्गोलियामा शिक्षा सम्बन्धी केही कक्षाहरू लिएकोले मैले तिन वर्षभित्र शिक्षामा त्यस विश्वविद्यालयबाट डिग्री पाउन सक्छु भनेर मैले थाहा पाएँ।

“यो परमेश्वरको योजना हुनसक्छ कि तिमी उहाँको निम्ति शिक्षिका होऊ" मेरो श्रीमानले मलाई भन्नुभयो।

“होला" मैले भनें तर पढाउन नचाहने सबै स्वाद मबाट बिलाएको थियो।

दुई वर्ष छ महिनामा नै म ग्राजुएत भएँ। त्यही समयमा मेरो श्रीमानले पनि आफ्नो पढाइ सिध्याउनुभएको थियो।

मङ्गोलियामा फर्केपछि मैले प्रथम एडभेन्टिस्ट स्कूल स्थापना गर्न सहयोग गरें। केही वर्ष अघि मलाई स्कूलको प्रिन्सिपल बनाइयो। अब मलाई पढाउन खुब मनपर्छ र बालबालिका पनि मन पर्छ।

आजभोलि टुसगाल स्कूलमा १२४ जना विद्यार्थीहरू छन्। तिनीहरू प्रायजसो एडभेन्टिस्ट परिवारबाट आएका होइनन्। तिनीहरू किन्डरगार्टेनदेखि १२ कक्षासम्म पढ्छन्। अब हामी नौ कक्षादेखि बान्ह कक्षासम्म पढ्ने विद्यार्थीहरूलाई त्यहीं बस्ने खाने बन्दोबस्त गर्ने भवनहरू बनाउन सोचिरहेका छौं। यस त्रैमासिकको भेटीले त्यहाँका विद्यार्थीहरूको निम्ति आवास घर निर्माण गर्न सहयोग मिल्नेछ।

पछाडि फर्केर हेर्दा म परमेश्वरलाई साँच्चिकै धन्यवाद दिन चाहन्छु। केहिलेकाहीं मेरा आफन्तहरूले मलाई सोध्छन्, "तर तिमीले त कहिल्यै पनि नपढाउने भनेकी थियौ। तिमी किन शिक्षिका भयौ?" “तपाईं के हुनु हुनेछ तपाईंलाई कहिल्यै थाहा हुँदैन। परमेश्वरलाई मात्र थाहा हुन्छ। जब हामी धैर्यतासाथ परमेश्वरको योजनामुताविक चल्छौं भने उहाँले हामीलाई डोऱ्याउनुहुनेछ" म तिनीहरूलाई भन्छु।

*(यो कथा सेरन्पिल “ओजी“ ओटगोन्ट्युआले आन्द्रयु मेकचेसनीलाई भनेकी हुन्)।*

## मङ्गोलियाबारे थप जानकारीः

–मङ्गोलियाका १५वर्ष र त्यसभन्दा माथिका मानिसहरू बुद्ध धर्म मान्छन्। त्यहाँ ५३ प्रतिशत मानिसहरूले बुद्ध धर्म मान्छन्। धर्मसँग आवद्ध नभएका अरू ३९प्रतिशत मानिसहरू छन्। त्यहाँको जनसंख्यामा २.१ प्रतिशत इसाईहरू छन्।

–मङ्गोलिया चीन र रुसको बीचमा रहेको देश हो। त्यस देशको करिब आधा जनसंख्या राजधानी उलनबाटरमा बस्दछन्। प्रायजसो त्यहाँका मानिसहरू घुमफिर गरेर हिंड्छन्।

–मङ्गोलियाका पहाडहरू प्रायजसो ५,१८३ फिट वा १,५८० मिटर अग्ला छन्। संसारको पहाडी देशहरूमा मङ्गोलिया पनि एक मानिन्छ।